नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
महिला तथा बालबालिका विभाग
( योजना, अनुसन्धान तथा कार्यक्रम शाखा )

फोन नं. ५५४७०१३, ५५२६७७९
फ्याक्स : ५५२१२१४
E-Mail : dwd1@wlink.com.np
ललितपुर ।

चलानी नं.:- १०६.

मिति:२०७४।४।२९

विषय: वाढी प्रभावितहरुको प्रतिकार्य तथा संरक्षण विषयगत क्षेत्रको बैठक सम्बन्धमा ।

श्री महिला तथा बालबालिका कार्यालय, सबै,
**मोरङ्ग, बाँके, झापा, सुनसरी, सप्तरी, सर्लाही, रौतहट, महोत्तरी, धनुषा, दाङ्ग, वर्दिया, सिन्धुली , चितवन, बारा (विशेष) ।**

मिति २०७४।४।२७ गते शुक्रवार देखि परेको अविरल वर्षाको कारण देशका धेरैजसो भुभाग प्रभावित भएको र विशेषगरि माथि उल्लेखित जिल्लामा वढी धनजनको क्षति भई तत्काल उद्धार तथा प्रतिकार्यको काय भईरहेको व्यहोरा अनुरोध छ । प्रस्तुत सन्दर्भमा बाढीबाट वढी प्रभावित हुने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको उद्धार, संरक्षण तथा विशेष हेरचाह ( गर्भवती, सुत्केरी नवजात शिशु, ज्येष्ठ नागरिक, दिर्धरोगी, अपाङ्गता भएका व्यक्ति), परिवारवाट विछोडिएका बालबालिकाको पुर्नमिलन, लैङ्गिक हिंसाविरुदको विशेष निगरानी जस्ता कार्यका लागि संरक्षण विषयगत क्षेत्र ( Protectioin Cluster) को बैठक सञ्चालन गरि जिल्ला दैवी प्रकोप उद्धार समिती, संरक्षण विषयगत क्षेत्रमा कार्यरत सहनेतृत्वदायी निकाय (Co- Lead) र यस क्षेत्रमा कार्यरत संघ/सस्थाहरुसंगको समन्वय तथा सहकार्यमा प्रतिकार्यको कार्य गर्नुहुन साथै केन्द्रवाट गर्नुपर्ने सहयोग तथा समन्वयको लागि निर्णय गरि पठाउनुहुन समेत निर्देशानुसार अनुरोध छ ।

**नोट: प्रभावितहरुको खण्डिकृत तथ्याङ्क तथा प्रदान गरिएको सेवाको विवरण नियमित रुपमा विभाग तथा सम्बन्धित निकायमा पठाउनुहुन समेत अनुरोध छ ।**

वोधार्थ: श्री महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरबार काठमान्डौ ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमान्डौ ।

ममता विष्ट
महिला विकास अधिकृत